नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
झापा

## निर्णयहरुः-

निर्णय नं १. सबै सरकारी निकायहरुले आयकर लगायत अन्य करहरुलाई आयकर ऐन, २०५८ अनुसार करकट्टी गरि भुक्तानी दिनुपर्ने कानुनी व्यवस्था छ । आन्तरिक राजश्व कार्यालय भद्रपुरले आफ्नो वार्षिक कार्यगत लक्ष्य मध्येको सरकारी निकायको श्रोतमा करकट्टी परिक्षण सम्बन्धमा जिल्ला स्थित नगरपालिका, गाँउपालिका तथा सबै सरकारी कार्यालयहरुको आ.व. २०७५/०७६ को भुक्तानी रकममा आयकर ऐन, २०५८ अनुसार हुनुपर्ने श्रोतमा करकट्टी परिक्षण कार्य गर्ने कार्यक्रम रहेकोले उक्त कार्य गर्न आउने कर्मचारीहरुलाई कागजात उपलब्ध गराउने लगायतका अन्य आवश्यक सहयोग सम्बन्धित सबै सरकारी कार्यालयहरुले गर्ने ।

निर्णय नं २. झापा जिल्लामा विभिन्न स्थानिय तह, प्रहरी, प्रशासन लगायत सम्वद्ध पक्षहरुको २०७५/०७/०७ को १२ बुँदे प्रतिवद्धता- पत्र र २०७५ पौषमा पारित १५ बुँदे अवैध मदिरा नियन्त्रण कार्ययोजनाको कार्यान्वयन सर्न्दभमा न.पा./ गा.पा. स्तरिय वृह्द भेला र कार्यविधि एंव अनुगमन संयन्त्र निर्माण गर्ने सम्बन्धमा २०७५ जेष्ठ मसान्त सम्म गर्ने सबै गा.पा. तथा न.पा.ले आ-आफ्नो क्षेत्रमा उक्त कार्ययोजना अनुसार न.पा. तथा गा.पा. स्तरीय भेला सम्पन्न गर्न सबै गा.पा. तथा न.पा. हरुलाई जि.स.स. मार्फत अनुरोध गरी पठाउने ।

निर्णय नं ३. “जनता सँग प्रहरी” भन्ने कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन आवश्यकता अनुसार सबै कार्यालय एंव निकायहरुले आ-आफ्नो विषगत सरोकार रहने जस्तै वन डढेलो, मु.अ.अ.का/ देवानी, फौज्दारी संहिता, महिला हिंसा न्यूनिकरण, लैङ्गिक समानता जस्ता विषय वस्तु समेत समावेश हुने गरी सचेतना अभियान एकीकृत रुपमा सञ्चालन गर्ने । यसको संयोजन जिल्ला प्रहरी कार्यालयले गर्ने ।

निर्णय नं ४. सेवा प्रवाह वडा पत्र छपाईको क्रममा रहेको र सो छपाई वापत लाग्ने आवश्यक रकम भुक्तानीका लागी स्थानिय तह (गाउँपालिका एंव नगरपालिका) हरुलाई सहयोगको लागि अनुरोध गर्ने ।

निर्णय नं ५. विपद् व्यवस्थापन समितिबाट स्थानिय तहहरुमा बाढी पिडित एंव अन्य विपद्बाट प्रभावित जनताको लागी राहत रकम उपलब्ध गराई दिन पठाईएको पेश्की रकम हाल सम्म पनि फर्छ्यौट नभएकोले उक्त रकम भुक्तानी सम्बन्धी भरपाई लगायतका अन्य कागजात सहित पेश्की फर्छ्यौट गर्नु हुन वा त्यस्तो राहत रकम भुक्तानी हुन नसकेको भए विपद् व्यवस्थापन समितिको खातामा रकम फिर्ता पठाई खर्चको लेखा दुरुस्त राख्न सबै सम्बन्धित स्थानिय तहलाई अनुरोध गरी पठाउने ।

प्रमुख जिल्ला अधिकारी